मिति -२०८२/०४/३० गते (शुक्रबार) स्थान - पो.म.न.पा.कार्यालयको सभाकक्ष

बैठक संख्या -५० समय - बिहान- ८ -०० बजे

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक पोखरा महानगरपालिका कार्यालयको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति

| सि.नं. | पद | पोखरा महानगरपालिका | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | श्री हेम प्रसाद आचार्य | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ्ग | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बास्तोला | |

| | | | | |
|---|---|---|---|---|
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बाँनिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखरेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | | | | |

# पोखरा महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

न्यूरोड, कास्की

गण्डकी प्रदेश, नेपाल

फोन नः ०६१-५७६
Postal Code: 6X9P+4F Pokhara
ईमेलः info@pokharamun.gov.np
वेबसाइटः pokharamun.gov.np


पत्र संख्याः ०८२/८३
चलानी नं. 866

मितिः २०८२/०४/२९
ने.स. ११४५ गुँलागा १४, बिहीबार

श्री वडा अध्यक्षज्यूहरु,
वडा नं १ देखि ३३ (सबै)
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै),
पोखरा महानगरपालिका।

**विषयः उपस्थिति सम्बन्धमा।**

प्रस्तुत विषयमा पोखरा महानगरपालिकाका श्रीमान् नगर प्रमुखज्यूको निर्देशन अनुसार महानगर नगर कार्यपालिकाको ५०औँ बैठक तपशिलको मिति, समय र स्थानमा बस्ने भएकोले यहाँको उपस्थितिका लागि निर्देशानुसार अनुरोध छ। साथै कार्यपालिका बैठकका कार्यसूची (एजेण्डा) निम्न वमोजिम छन्।

**तपशिलः**

मितिः २०८२ श्रावण ३० गते (शुक्रबार)
समयःबिहान ८:०० बजे
स्थानः पोखरा महानगरपालिकाको सभाकक्ष।

**कार्यसूची(एजेण्डा)**

१. ४९ औं कार्यपालिका बैठकको निर्णय सम्बन्धमा।
२. आ०/२०८२ .व.८३ का लागि महानगरपालिकाको दररेट स्वीकृति सम्बन्धमा।
३. भू सेवा केन्द्र सञ्चालन गर्न PAM प्रणालीको युजरनेम र पासवर्ड सम्बन्धमा।
४. विविध।

२०८२/४/२९

हेम प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

(पुनश्चः पूर्व समझदारी अनुसार भाद्र महिनाबाट हरेक महिनाको २ गते र १६ गते नियमित बैठक बस्ने व्यहोरा स्मरणार्थ अनुरोध छ।)

**सादर अवगतार्थः**

श्रीमान् प्रमुखज्यू/उप-प्रमुखज्यू, पोखरा महानगरपालिका।

**पोखरा महानगरपालिका**

**न्युरोड, पोखरा**

**<u>५०औं कार्यपालिका बैठक (मिति २०८२/०४/३०) का निर्णयहरुः</u>**

**<u>निर्णय नं १</u>**

४९औं कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो ।

**<u>निर्णय नं २</u>**

पोखरा महानगरपालिकालाई आ.व. २०८२/८३ का लागि आवश्यक पर्ने नगर कार्यपालिका समक्ष प्रस्ताव गरिएको पोखरा महानगरपालिकाको आ.व. २०८२/८३ को दररेट स्वीकृत गर्ने निर्णय गरियो। साथै उक्त दररेटमा समावेश नभएका सामाग्रीको सन्दर्भमा नेपाल सरकार अन्तर्गतका निकायबाट स्वीकृत दररेटलाई कायम गर्ने र महानगरपालिकाका पहाडी वडाहरुमा सामाग्रीको ढुवानी खर्च दररेट विश्लेषणमा आवश्यकता अनुसार समावेश गर्ने निर्णय समेत गरियो ।

**<u>निर्णय नं .३</u>**

बिश्व बैंकको आर्थिक सहयोगमा यस कार्यालयमा संचालित नेपाल सहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत नयाँ योजना संचालनका लागि आयोजना समन्वय कार्यालयबाट माग भए बमोजिम शिशुवा शिशाघाट सडक खण्ड अन्तर्गत (पहिलो खण्ड-सातमुहाने खोलाको छेउ सडक स्तरोन्नती र दोस्रो खण्ड खुदिखोला ढोडबेशी सडक खण्ड स्तरोन्नती) का लागि विस्तृत परियोजना प्रतिवेदन(DPR) र वातावरणीय तथा सामाजिक व्यवस्थापन कार्ययोजना (ESMP) तयार भएको तथा योजनाको कूल लागत अनुमान रु ५२,४८,०६,९५७.९२ (अक्षेरुपी रु बाउन्न करोड अडचालिस लाख छ हजार नौ सय सन्ताउन्न रुपौया बयानब्बे पैसा मात्र) रहेकोमा यस योजनाका लागि उक्त परियोजनाबाट रु ४५,००,००,०००.०० (अक्षेरुपी रु पौतालिस करोड मात्र) विनियोजन भएकोमा लागत अनुमान बमोजिम नपुग रकम रु ७,४८,०६,९५७.९२ (अक्षेरुपी रु सात करोड अडचालिस लाख छ हजार नौ सय सन्ताउन्न रुपैया बयानब्बे पैसा मात्र) महानगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो । साथै पेश भएको योजनाको DPR तथा ESMP र अपुग रकमको स्रोत सुनिश्चित सम्बन्धी आव श्यक कागजात Review पश्चात् DPR तथा ESMP र खरिद प्रकृया स्वीकृतीका लागि अनुमती प्रदान हुन आयोजना समन्वय कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । आयोजना समन्वय कार्यालयबाट अनुमति प्राप्त भए पश्चात् DPR, ESMP, Cost Estimate तथा बोलपत्र सम्बन्धी कागजात स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ४</u>**

स्थानीय तहको एकल अधिकार अन्तर्गत रहेको सम्पत्ति कर (घरजग्गा कर) को प्रयोजनको लागि गरिने घरजग्गा मूल्यांकनको वस्तुगत आधार (Objective Criteria) र विधिलाई वैज्ञानिक र यथार्थपरक बनाउन आवश्यक रहेको सन्दर्भमा महानगरपालिकाको भौगोलिक अवस्था, घरजग्गाको बनावट, घरजग्गाको उपयोगको अवस्था, आर्थिक कियाकलाप लगायतका अन्य सान्दर्भिक पक्षहरुलाई समेत मध्येनजर गरी घरजग्गा(सम्पत्ती) को मूल्याङ्कनका लागि वस्तुगत आधारहरु तयार गर्ने र यसलाई कार्यान्वयनका लागि आवश्यक पर्ने कानून निर्माण/परिमार्जन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ५</u>**

महानगरपालिकामा कार्यरत नगर प्रहरी, श्रेणी विहीन कर्मचारीहरुको करार म्याद थप, अदालतमा मुद्धा विचाराधिन रही कार्यरत कर्मचारीहरुको सम्बन्धमा तपशिल बमोजिम गर्ने निर्णय गरियोः

क. महानगरपालिकाद्वारा जारी भएका ऐन, कार्यविधि, निर्देशिकाद्वारा स्थापित/सञ्चालित संस्था/कार्यक्रमहरु, संघ/प्रदेश सरकारसँगको साझेदारी (शसर्त समेत) तथा अन्य संघ/संस्था/विकास साझेदारहरुसँगको सहयोग तथा साझेदारीमा सञ्चालित कार्यक्रमका लागि कार्यरत कर्मचारीहरुको करार सेवाको म्याद २०८३ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

ख. महानगरपालिकामा कार्यरत नगर प्रहरी तथा श्रेणीविहीन कर्मचारीहरुको कार्यसम्पादन, आवश्यकता र औचित्य समेत हेरी सम्झौतामा नै सेवा शर्त उल्लेख गरी २०८२ पौष मसान्तसम्म करार सेवाको म्याद थप गरी कामकाजमा लगाउने निर्णय गरियो।

ग. नगरसभाको विशेष बैठकको निर्णय उपर महानगरलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा मुद्धा दायर गरी अमिन श्री गणेश गिरी समेत ५ जना कर्मचारीहरुको करार सम्झौताको म्याद कायमै रहेको अवस्थामा सम्मानित अदालतबाट अल्पकालिन अन्तरिम आदेश भई निजहरु कामकाजमा रहेको र मुद्धा विचाराधिन रहेकोले सम्मानित अदालतबाट मुद्धाको कारवाही किनारा हुँदाका बखत सोही बमोजिम हुने गरी काम गरेको अवधिको सम्झौता गरी पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं ६**

दक्षिण कोरिया सरकारको दातृ निकाय KOICA को आर्थिक एवं संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम UNDP को प्राविधिक सहयोगमा संचालन हुने गरी नेपाल सरकार र दक्षिण कोरिया सरकार वीच मिति २०८१/०२/०१ (तदनुसार 14 May 2024) मा भएको सम्झौता अनुसार संचालित Green Job Creation Through Recycling and Upcycling in Pokhara (GCRU) परियोजना पोखरा महानगरपालिकाको वडा नं. ०९ स्थित प्रदर्शनी केन्द्रमा २०८१/१२/०४ (तदनुसार 17 March 2025) का दिन भएको औपचारिक शिलन्यास भएको र Green Venture Zone (GVZ) को आधुनिक भवन निर्माण भैरहेको सन्दर्भमा परियोजना कार्यान्वयनको लागि आवश्यक पर्ने सम्पूर्ण वस्तु, सामग्री, उपकरण, सवारी साधन र सेवाहरुमा लाग्ने भन्सार शुल्क, उत्पादन शुल्क, मुल्य अभिवृद्धि कर (VAT) तथा अन्य कर र दस्तुरहरु छुटको लागि KOICA नेपाल कार्यालयको July 24, 2025 को पत्रबाट भएको अनुरोध बमोजिम आयोजनाको लागि खरिद गरिने सामाग्रीको जम्मा रकम रु. ३०,९०,७०,६३३।९६ (अक्षेरुपी तिस करोड नब्बे लाख सत्तरी हजार छ सय तेत्तिस रुपैया र छयानब्बे पैसा) (मूल्य अभिवृद्धि कर बाहेक) स्वीकृत Master List मा समावेश भए बमोजिम खपद हुने वस्तुको पैठारी कर्ता International Engineering Construction Company (IECC) Pvt. Ltd. बाट खरिद हुने भएकोले MOU को Article ५ मा भएको व्यवस्था बमोजिम कर छुटका लागि अर्थ मन्त्रालयमा सिफारिस गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो।

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्युरोड, कास्की
गण्डकी प्रदेश, नेपाल